# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## क) यस मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुः

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री र मन्त्रालयका सचिववीच चालू आर्थिक वर्षको कार्य सम्पादन सम्झौता भएको ।
- यस मन्त्रालयका सचिव र मन्त्रालयका महाशाखा प्रमुखहरु तथा विभागीय प्रमुखहरुवीच चालू आर्थिक वर्षको कार्य सम्पादन सम्झौता भै सो अनुसार साप्ताहिक कार्य सम्पादन कार्य योजना तयार गरिएको । उक्त कार्ययोजना अनुसार कार्य सम्पादन भए नभएको सम्वन्धमा हरेक सप्ताह समीक्षा हुने गरेको ।
- आर्थिक वर्ष २०७२/७३ को बार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरिय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको ।
- यस मन्त्रालयको वेब साईटमा प्रगति विवरण भन्ने ड्यास बोर्ड महल राखी मन्त्रालय अन्तर्गत संचालनमा रहेका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको संक्षिप्त प्रगति विवरण राख्ने गरिरहेको ।
- संघियता कार्यान्वयन गर्ने सन्दर्भमा यस मन्त्रालय र अन्तर्गत निकायहरुको प्रदेशगत जनशक्ति र सम्पत्तिको विवरण तयार गर्न मस्यौदा तयार भएको ।
- मन्त्रालयगत कार्य विश्लेषण (Functional Analysis) को प्रारम्भिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय पठाईएको।
- Restricted Area को सम्बन्धमा पर्यटनमैत्री बनाउने गरी अध्ययन गर्न कार्यदल गठन भएको छ ।
- मन्त्रालयमा Electronic Attendance र File Tracking System लागू गरिएको।

## ख) मन्त्रालयले यस अवधिमा संस्कृति, पर्यटन, नागरिक उड्डयन र पुनर्निर्माणमा सम्पादन गरेका प्रमुख कार्यहरुः

### संस्कृतितर्फ

- पुरातात्विक स्थल संरक्षण आयोजनामा समावेश भएको सम्पदा संरक्षण कार्यको २१५ वटा कार्यक्रम मध्ये पुँजीगत सुधार तर्फको १२० वटा कार्यक्रम मध्ये ७३ वटा कार्य ठेक्का तथा ४७ कोटेशन प्रकृयाबाट र ९५ वटा अनुदानतर्फका कार्यहरु रहेको छ । जसमध्ये १० वटा सूचना प्रकाशनको क्रममा रहेको, ४ वटा कोटेशनका कार्यहरू कार्यदिश भैसकेको, १२ वटा ल.इ. स्वीकृतिको क्रममा रहेको र अन्य स्थलगत निरीक्षण भइ ल.इ. तयार भइरहको ।
- विश्व सम्पदा स्थल संरक्षण आयोजनातर्फ ११ वटा सम्पदा संरक्षणको कार्यक्रम समावेश भएको मध्ये ९ ठेक्का प्रकृयाबाट गर्ने गरी १ अनुदान र अन्य चालु तथा परामर्शका कार्यहरू रहेको मध्ये भक्तपुरको रामेश्वर मन्दिर संरक्षण कार्य सम्पन्न भएको, लोमान्थाङ स्थित छोर्तेन संरक्षण कार्यको ल.इ. स्वीकृत भै सम्झौताको क्रममा रहेको र अन्य कार्यहरू जिम्मेवारी दिएअनुसार कार्य भैरहेको

- क्षेत्रीय संग्रहालयहरु र जातीय संग्रहालय गरी जम्मा ३४ वटा कार्यक्रमहरु समावेश भएको मध्ये क्षेत्रीय संग्रहायको ११ वटा कार्य सम्पन्न भएको, बाँकीको कार्य भईरहेको । ६ वटा जातिय संग्रहालयको स्थलगत निरीक्षण तथा ल.इ. स्वीकृतिको क्रममा रहेको ।
- विश्व वौद्धिक सम्पत्ति संगठन (WIPO) बाट प्रशासनिक हुने दृष्टिविहिन एवं दृष्टि क्षमता कमजोर भई छापा देख्न नसक्नेका लागि प्रतिलिपि अधिकारजन्य प्रकाशनमा उनीहरुको अनुकुलको ढाँचामा पहुँच पुर्‍याउने सम्बन्धी माराकेश सन्धि, २०१३ को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रकृया शुरु गरिएको ।
- नेपाली लोकवार्ता सङगोष्ठी २०७३ लोकवार्ता परिषद्को संयुक्त आयोजनामा सम्पन्न गरिएको ।
- मुन्धुम र धर्म दर्शन विचार गोष्ठी, बहुभाषिक कवि गोष्ठी र तामाङ साहित्य कार्यक्रम र पूर्वाञ्चलस्तरिय वहुभाषिक कवि गोष्ठी सम्पन्न गरिएको ।

## पर्यटनतर्फ

- विक्रम संवत् २०७३ लाई नेपाल घुमफिर वर्ष मनाउन नेपाल पर्यटन बोर्डमा सचिवालय स्थापना गरिएको।
- Himalayan Travel Mart, 2017 तयारी भैरहेको ।
- गत नोभेम्बर १९ देखि २५ सम्म माउण्ट मकालु र माउण्ट कञ्चनजघा हिरक महोत्सव भव्ताका साथ मनाईएको ।
- विश्व पर्यटन दिवस यही २७ सेप्टेम्बरमा विविध कार्यक्रम गरी मनाईएको ।
- पर्यटन नीतिको समसामयिक संशोधन गर्न Concept Paper को मस्यौदा तयार भएको ।
- पर्वतीय पर्वतारोहणको शैक्षिक कार्यक्रम अन्तर्गत Master of Adventure Tourism Studies (MATS) को सम्बन्धनका लागि त्रिभुवन विश्व विद्यालयमा पेश गरिएको । Bachelor of Mountaineering Studies (BMS) को विश्वविद्यालयबाट निरीक्षण भई सम्बन्धनको अन्तिम चरणमा पुगेको।
- अन्तर्राष्ट्रियस्तरको पर्वतीय प्रशिक्षण केन्द्र सञ्चालनका लागि सोलुखुम्बु जिल्लाको गार्मामा पूर्वाधार निर्माणको कार्यमा तिब्रताका साथ कार्य सम्पन्न हुने क्रममा रहेको।
- पर्वतारोहण मार्ग र पदमार्गको मौसम पूर्वानुमान जानकारी गराउने कार्यक्रम अन्तर्गत चालु सिजनमा मौसम सम्बन्धि जानकारी सरोकारवालालाई प्रदान गरिदै आएको ।
- शैक्षिक वर्ष २०७३/७४ का लागि नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्धारा Bachelor in Hotel Management (BHM) र Bachelor in Travel and Tourism Management (BTTM) शैक्षिक कार्यक्रममा नयाँ भर्नाका लागि विद्यार्थी छनौट गर्न विज्ञापन प्रकाशित गरी छनौट प्रक्रिया सम्पन्न भएको।
- सन् २०१८ लाई नेपाल भ्रमण वर्ष मनाउने गरी तयारी भैरहेको छ ।
- NRRA सँगको सहकार्यमा पर्यटन प्रवर्द्धनका लागि "अतिथिदेवो भव" अभियान संचालन भैरहेको छ ।

**नागरिक उड्डयनतर्फ**

- नेपाल वायु सेवा निगमले भदौ २ गतेबाट दुवाई उडान साताको ३ वटा आरम्भ गरेको ।
- नेपाल सरकारले नेपाल वायुसेवा निगमलाई २ वटा A330 जहाज खरिद गर्नका लागि यही भदौ २९ गते बैङ्क ग्यारेण्टी वस्ने निर्णय गरेको ।
- नेपाल वायुसेवा निगमले २ वटा A330 जहाज खरिद गर्नका लागि यही असोज १० गते Request for Proposal को लागि माग गरेको ।
- मिति २०७२/११/१४ गते कालिकोट जिल्लाको चिलखायामा दुर्घटनाग्रस्त एयर काष्ठमण्डपको 9NAJB P750 विमानको दुर्घटना जाँच आयोगले मिति २०७३/६/२ गते दुर्घटना जाँचको Draft Final प्रतिवेदन मन्त्रालयमा पेश गरेको ।
- मिति २०७३/४/२४ गते नुवाकोट जिल्लाको चुच्चेभिरमा दुर्घटनाग्रस्त फिसटेल एयरको 9NAKA AS350 हेलिकप्टरको दुर्घटना सम्बन्धमा जाँचबुझ गर्न नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रिस्तर) को मिति २०७३/४/२५ गतेको निर्णयानुसार दुर्घटना जाँच आयोग आयोग गठन भई काम भईरहेको ।
- मिति २०७३/४/२० गते सिमिकोट विमानस्थल नजिक कर्णाली नदिमा दुर्घटनाग्रस्त मकालु एयरको 9N-AKC C208 विमानको दुर्घटना सम्बन्धमा जाँचबुझ गर्न नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रिस्तर) को मिति २०७३/४/३२ गतेको निर्णयानुसार दुर्घटना जाँच आयोग आयोग गठन भई काम भईरहेको ।
- मिति २०७३/६/८ गते भैरहवा विमानस्थलमा दुर्घटनाग्रस्त यति एयरलाईन्सको 9NAIB J41 वायुयानको दुर्घटना सम्बन्धमा जाँचबुझ गर्न नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७३/६/१८ गतेको निर्णयानुसार दुर्घटना जाँच आयोग आयोग गठन भई काम भईरहेको ।
- नागरिक उड्डयन सुरक्षा नियमावली नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०७३/६/१७ गते स्वीकृत भएको ।

**पुनःनिर्माणतर्फ**

- बौद्धनाथको पुननिर्माण र प्याङगाउँ पाटी संरक्षण कार्य ललितपुरको कार्य सम्पन्न भएको ।
- प्रस्तावित मध्ये १३२ वटाको जिम्मेवारी बाँडफाँड भै ४७ वटाको पुनःनिर्माण कार्य शुरु भएको, २५ वटा पुनःनिर्माण कार्यको सूचना प्रकाशन भएको र अन्य कार्यक्रमको ल.इ. स्वीकृतिका क्रममा रहेको।
- बुंगमती स्थित मनकामना मन्दिरको भुइंतल्लाको कार्य सम्पन्न भएको ।
- साँखुस्थित खड्गयोगिनी मन्दिर भत्काउने कार्य सम्पन्न भै जग निर्माण शुरू ।
- साँखु स्थित ज्योतिलंगेश्वर मन्दिरको ल.इ. स्वीकृत भै सूचना प्रकाशन भएको ।
- नक्सालस्थित भगवानबहाल (शंकरकीर्ति महाविहार)को कार्यदेश भइ जगको काय शुरू भएको ।
- टुँडालदेवी मन्दिर भत्काउने तथा रेकर्डिंगको कार्य सम्पन्न भै जगको कार्य शुरू भएको ।
- हनुमानढोका स्थित बंशगोपाल मन्दिरको जमिन को तह सम्मको कार्य
- इचंगु सत्तल,लँदेग, जगतपाल महाविहारको जग भत्काउने कार्य सकिएको र जग खन्ने काम भइरहेको।

- विष्णुदेवी सतुंगलको जगको काम सकिएको र जग माथिको काम भइरहेको।
- अनन्तलिंगेश्वर जग भत्काई जग लगाउने कार्य शुरू भएको ।
- स्वयम्भू स्थित किंडोल गुम्बाघर जग खन्ने कार्य सम्पन्न भई लेबलको कार्य शुरु भएको।
- शोभा भगवती स्थित इन्द्रायणी मन्दिर भत्काउने र रेकर्डिंगको कार्य सम्पन्न भइ जग खन्ने कार्य शुरु भएको ।
- जैशी देवल पुनःनिर्माण कार्यका सम्बन्धमा परीक्षण उत्खनन् कार्य अन्तिम चरणमा ।
- धरहरा पुनःनिर्माणको लागि अर्किटेक्चरल स्टकचरल परामर्शको लागि परामर्शदातासंग मिति २०७३।०२।२४ मा संझैता भै भएकोमा थप कामका लागि भेरिएशन अर्डर स्वीकृत भएको ।

**वाह्य सहयोगमा भैरहेका पुनर्निर्माणका कार्यहरु**

- यूनेस्को काठमाण्डौ कार्यालयको सहयोगमा हनुमानढोका संरक्षित स्मारक क्षेत्रका क्षतिग्रस्त स्मारकहरुको Wooden Elements हरूको Sorting, Storing / Documentation को कार्य अन्तिम चरणमा पुगेको ।
- भुकम्प पश्चात उपत्यका विश्व सम्पदा स्थलहरुको पुरातात्विक अन्वेषण, उत्खनन् एंव अनुसन्धानको कार्य गर्ने सम्बन्धी वेलायतको दुरहाम विश्वविद्यालयसंग MOU भइ परीक्षण उत्खनन् कार्य भईरहेको ।
- हनुमानढोका दरवार परिसरको नौतले दरवार (लौंहचोक परिसर)को जीर्णोद्धार कार्य दरवार परिसरका क्षतिग्रस्त सम्पदाहरुको संरक्षण तथा पूनःनिर्माण कार्य गर्न नेपाल सरकार र चीन सरकार विच सम्झौता भई संरक्षण कार्य अगाडी बढेको।
- हनुमानढोका दरवार परिसरको नौतले दरवार लगायत चारवटा टावरहरूको जीर्णोद्धार पूनःनिर्माण कार्य गर्न नेपाल सरकार र चीन सरकार विच सम्झौता भई Preliminary अध्ययन शुरू भएको ।
- ललितपुर जिल्ला बुंङ्गमतिस्थित रातो मच्छिन्द्रनाथ श्रीलंका सरकारसंग सम्झौता भइ  जग खन्ने कार्य शुरू गरिएको।
- स्वयंम्भु स्थित आनन्दकुटी विहारको संरक्षण तथा पूनःनिर्माण कार्य भईरहेको ।
- हनुमानढोका दरवार परिसरको का सम्पदा तथा बुंगमति खोकना क्षेत्रको National Research Institute विच सम्झौता भइ कार्य शुरू भएको ।
- Heritage and environment conservation foundation Kathmandu Nepal संग अध्ययन तथा संरक्षण कार्य गर्न संझैता भइ चाँगुनारायण मन्दिर परिसरको किलेश्वर मन्दिर कार्य सम्पन्न भएको, लक्ष्मीनारायण र चौघेराको पुनःनिर्माण कार्य भईरहेको।
- हनुमानढोका गद्दी बैठकको पुनःनिर्माण कार्य Miyamoto  Research लाई कार्य गर्न सहमति प्राप्त भए अनुसार पुरातत्व विभागसंग सम्झौता हुने क्रममा रहेको ।
- भक्तपुरको कला संग्रहालय (लाल बैठक), नृत्य बत्सला मन्दिर, पूजारीमठ जर्मन सरकार र भक्तपुर नगरपालिका विच सम्झौता भई कार्य शुरु भएको।